राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ७, भदौ २२ गते शुक्रबार, २०८० (8 September, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# बाँदरको बिगबिगी, किसानमा बेचैनी

## अन्नबाली भित्र्याउन नपाएपछि बाँदरले नखाने कागती र वनस्पति तथा घाँसका बीऊ छरिए

■ जनजिब्रो संवाददाता



**मन्थली ।** रामेछापस्थित सुनारपानीका स्थानीयलाई लौरो बोकेर हरेक दिन खेतबारीमै बाँदर रुँगिबस्दा पनि वर्षभरि खाने अन्नबाली जोगाउन मुस्किल परिरहेको छ ।


गाउँको प्रमुख खेती मकै जोगाउन स्थानीय जयराम कार्कीले हरेक दिन लौरो बोकेर बारीको कान्लामै दिन कटाए । सदरमुकाम मन्थली नगरपालिका- ५, सुनारपानीका ८९ वर्षीय कार्की दैनिक लौरो लिएर बारीमै बस्न बाध्य छन् ।

वर्षौंदेखि आफूले यसरी नै बाँदरको अचाक्ली खेपिरहेको बताउँदै बारीमा फलेका अन्नबाली भित्र्याउन नपाएपछि केही जग्गामा बाँदरले नखाने कागती र सुगन्धित वनस्पति तथा बाँकी जग्गामा घाँसका बीउ छरिदिएको उनले बताए । मकै, कोदो र फापरजस्ता अन्नबाली छरेर नभित्र्याउन्जेल बारीमै र भित्र्याएपछि घरमै आएर बाँदरले दुःख दिन थालेपछि अन्नबाली लगाउनै छाडेको उनले सुनाए । बाँदरकै पीरले धेरैले जग्गा बाँझै राखेको भन्दै उनले गाउँका उत्पादनयोग्य जमिनमा अन्नको साटो घाँस हुर्किरहेको बताए । बाँदरको पीरले खेतबारीमा मकै उत्पादन गर्न नपाएपछि गाईवस्तुलाई खोले खुवाउन अनिवार्य मकै बाहिरबाट खरिद गरेर ल्याउनु परेको दुखेसो पोखे । सुनारपानीसहित स्थानीय गाउँ सार्की, भ्यागुरे, तल्लो स्कुल, मचबारी, जुकेपानी, माथिल्लो कार्की टोलसहित क्षेत्रमा बाँदरको आतंक रहेको छ । बाँदर नियन्त्रणका लागि प्रमुख जिल्ला अधिकारीको कार्यालयमा निवेदन दिए पनि हालसम्म कुनै सुनुवाइ नभएको स्थानीयको गुनासो छ ।

केही वर्षअघि स्थानीयले महावीर पुनले बनाएको बाँदर धपाउने बन्दुक ल्याएको भए पनि उक्त बन्दुक पड्काउँदा बाँदरले टेर्न छाडेको स्थानीयले बताए । सुनारपानी हुँदै सालुतर्फ जाने सडकको डिलमा गाउँलेले बाँदर रुँग्नका लागि बाक्लै मचान बनाएका

क्रमशः अन्तिम पृष्ठमा

# संस्कृत विश्वविद्यालयबाट तालाबन्दी हटाउन माग



**काठमाडौं ।** प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद्हरूले नेपाल संस्कृत लगायतका विभिन्न विश्वविद्यालयका पदाधिकारीका कार्यकक्षमा जारी तालबन्दी हट्न नसक्दा प्राज्ञिक मर्यादा र स्वायत्ततामा खलल पुगेको बताएका छन् ।

तालाबन्दी हटाउन सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिएका हुन् । नेकपा  (एमाले) की विद्या भट्टराई तथा नेपाली कांग्रेसका श्यामकुमार घिमिरेले बैठकको शून्य समयमा बोल्दै तालाबन्दी संस्कृतिले आम विद्यार्थी निराश भएको बताए । कानुनी अन्योलका कारण  देशका विभिन्न ७३ नर्सिङ कलेज समेत बन्द भएको विषयमा गम्भीर हुन उनीहरूले सरकारसँग आग्रह गरे ।


कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरीको श्रीलङ्का टापुमा आएको बाढीका कारण प्रभावित भएका स्थानीयवासीलाई उचित राहत दिई कोशी कटानको नियन्त्रणका दिगो उपाय खोज्न आग्रह गरे ।

जनमत पार्टीकी विनिताकुमारी सिंहले तराई-मधेसका विद्यालयमा पर्याप्त शिक्षक र पूर्वाधार नहुँदा गुणस्तरीय शिक्षा हासिल हुन नसकेको भन्दै सदनको ध्यानाकर्षण गराइन् । राष्ट्रिय स्वतन्त्र पार्टीकी सुमना श्रेष्ठले राजनीतिक भागबण्डाका आधारमा गरिने नियुक्ति बन्द गर्न तथा शिशिर खनालले नेपालको राजनीतिक नक्साबारे विदेशी मुलुकलाई कूटनीतिक माध्यमबाट जानकारी दिनुपर्ने बताए ।

कांग्रेस सांसद्हरू सीताकुमारी राना, सुशीला श्रेष्ठ, सन्तोष चालिसे, सरस्वती बजिमय,  नेपका (एकीकृत समाजवादी) का शेरबहादुर कुँवर तथा एमालेका सरिता भुसाल र शान्ति चौधरीले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए ।

# आमा– १३

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक-साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

सोफिया पियानो अगाडि बसिन् र एक उदास धुन बजाउन थालिन् ।

भोलिपल्ट बिहान सबेरै तीस चालीस जना मान्छे अस्पतालको ढोकानेर उभिएर आफ्नो साथीको लाश राखिएको कफन पर्खंदै थिए । भीडमा केही जासुसहरू पनि थिए र बडो ध्यानपूर्वक उनीहरूको कुरा सुन्दै थिए, उनीहरूको अनुहार, चालढाल र शब्दहरू याद गर्दै थिए, सडकपारि कम्मरमा पिस्तौल भिरेका केही पुलिसहरू उभिएका थिए । जासुसहरूको यस धृष्टता र कुनै पनि वेला आफ्नो शक्ति प्रदर्शन गर्न तयार भएर उभिएको पुलिसको व्यंग्यपूर्ण मुस्कुराहट देखेर मानिसहरू रीसले मुरमुरिंदै थिए । केही मानिसहरू आफ्नो यो रीस ठट्टाले लुकाउने कोशिश गर्दै थिए, कोहीचाहिं गम्भीर अनुहार लिएर आफ्ना आँखा झुकाउँदै उभिएका थिए ।

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- ७, भदौ २२ गते शुक्रबार, २०८०

**सम्पादकीय**

# कृषकका समस्यामा ध्यान देऊ, बालीको सुरक्षा गर

कृषिप्रधान भनिएको नेपाल राष्ट्रमा सबैभन्दा बढी समस्या, प्रतिकूलता, असुविधा र राज्यको बेवास्ता वस्तुतः कृषि क्षेत्र र किसानमै देखापरेका छन्। प्रायः क्षेत्र मौसमी वर्षातृको भरमा खेती गर्नुपर्ने बाध्यतामा छन्, बीऊविजनको समस्या र नक्कली बीऊको चपेटा व्याप्त छ, मलको हाहाकारको त भन्नु के कुरा गर्नु !

यसवर्ष किसानले समयमै र केही हदसम्म भए पनि मल किन्नचाहिँ पाए। तर, विगत वर्षहरूमा नभएका केही समस्या चर्कोरूपमा थपिन आएका छन्। विगत वर्षहरूमा बाँदर नलाग्ने ठाउँमा बाँदरले सताउन थालेका छन्, दुःख गरेर लगाएको कृषिबालीबाट किसानले अनाज भित्र्याउन नपाउने स्थिति पैदा भएको छ। विगतकालमा अलिअलि मात्रै बाँदर लाग्ने र यसो धपाउँदा र हल्का हेरविचार गर्दा पुग्ने ठाउँहरूमा अहिले कृषिबाली नष्ट र समाप्त नै पार्ने गरी बाँदर-आतङ्क छाएको छ।

गाउँगाउँ शून्य हुने गरी युवाहरू सहरतिर र अझ विदेशतिर हानिने क्रम बढेपछि गाउँमा जनसङ्ख्या निकै नै पातलिन पुगेको छ। जनसङ्ख्या घटेपछि र कमै मात्र उब्जनी हुने स्थानका कयौं खेतबारी बाँझै रहन थालेपछि यत्रतत्र, सर्वत्र बाँदरको जगजगी बढेको छ। युवाजति सहर वा विदेश पलायन भैदिएपछि गाउँमा प्रायः बालबालिका र वृद्धवृद्धा मात्रै बाँकी रहेका छन्। यो अवस्थामा तिनै किशोरकिशोरी र वृद्धवृद्धाले लगाएका बालीनाली समेत बाँदरले समाप्त पारिदिन थालेको छ।

यो अवस्थालाई एउटै उपाय वा प्रयासद्वारा नियन्त्रण गर्न सकिने देखिँदैन। पहिलो कुरा त युवाहरू गाउँमा थेगिने वातावरण राज्यले बनाइदिनु पर्‍यो; गाउँमा अनेकौं काम, रोजगारी, उद्यम, व्यवसाय र अध्ययनको वातावरण बनाइदिनु पर्‍यो। त्यसपछि बहुआयामिक किसिमका कृषि समस्याहरूको समाधान गरिदिएर राज्यले नै कृषि उपजमा राम्रो अवस्था सिर्जना गरिदिनुपर्‍यो। तर, तत्कालका लागि भने बाँदरबाट बालीनाली बचाउन स्थानीय, प्रादेशिक र सङ्घीय सरकारले आ-आफ्नो भूमिका पूरा गरिदिनुपर्‍यो।

## ... आमा- १३

मानौं उनीहरूले यो अपमानजनक व्यवहार देखेकै छैनन्, केही त्यस्ता पनि थिए जो आफ्नो भावना लुकाउन असमर्थ थिए। त्यसैले पुलिस अफिसरहरूको हाँसो उडाउँदै थिए- हेर, आफ्नो शब्द बाहेक अरू कुनै हतियार नभएका साधारण जनतासँग यो पुलिस कति तर्सन्छन्। माथिबाट शरद् ऋतुको निर्मल आकाश पहेंला पातहरूले ढाकिएका सडकहरूतिर हेर्दै थियो, हावाले ती पातहरू उडाउँदै सडकमा उभिएका मानिसहरूको खुट्टानेर पुऱ्याउँदै थियो।

आमा भीडमा उभिएकी थिइन्।

'धेरै कम मान्छे छन्, धेरै कम। मजदूरहरू त पटक्कै देखिन्नन्।' ती परिचित अनुहारहरूतिर हेरेर आमा दुःखित हुँदै सोचिरहेकी थिइन्।

ढोका खुल्यो र मानिसहरू रातो फित्ताले बाँधिएको फूलले सजाइएको कफनको बिर्को लिएर निस्के। त्यहाँ पर्खेर बसेका मानिसहरूले तुरुन्तै आफ्नो टोपी फुकाले। यस्तो लाग्थ्यो, मानौं अकस्मात कालाकाला चराहरूको एक बथान उनीहरूको टाउको माथिबाट उडेर जाँदै छ। एक अग्लो पुलिस अफिसर जसको रातो अनुहारमा कालो बाक्लो जुँगा थियो, छिटो छिटो भीडभित्र घुस्यो र उसको पछाडि पछाडि सिपाहीहरू आफ्नो फौजी बुट बजाउँदै, मान्छेहरूलाई धकेल्दै अगाडि बढे। अफिसरले कड्किँदै भन्यो -

"यो फीता हटाउनोस्।"

लोग्नेमान्छे, आइमाईहरू उसलाई घेरेर उभिएका थिए र हात हल्लाउँदै, एक दोस्रोलाई घचेट्दै उत्तेजित स्वरमा कुरा गर्दै थिए। आमाका आँखा अगाडि मानिसहरूका उत्तेजित अनुहारहरू घुम्दै थिए, मान्छेहरूका ओठ फडफडाउँदै थिए, एउटी आइमाईको गालामा आँसुका थोपाहरू झर्दै थिए।

"दमन नीति नाश होस्।"- कुनै युवकले चिल्लाएको आवाज सुनियो, तर उसको यो आवाज हल्लामा डुब्यो।

आमाको हृदय दुःखित भयो। उनले आफूसँग उभिएको झुत्रेझाम्रे लुगा लगाएको एक युवकलाई सम्बोधन गर्दै भनिन् -

"हामीलाई आफू चाहे जस्तो अन्त्येष्टि संस्कारसम्म पनि गर्न दिदैनन्। कस्तो अन्याय त।"

मान्छेहरूको उत्तेजना बढ्दै गयो। उनीहरूको टाउकोमाथि कफनको बिर्को डगमगाउँदै थियो, रातो फीता हावामा लहराइरहेको थियो र मान्छेहरूको टाउको र अनुहार छुँदै थियो, सुकेको रेशममा सरसराहट सुनिँदै थियो, यस्तो लाग्थ्यो मानौं त्यो रेशमको फीता समेत उत्तेजित छ।

आमालाई डर लाग्न थाल्यो। कहीं गडबड त हुने होइन, उनी आफ्नो वरिपरि उभिएका मानिसहरूलाई सम्बोधन गर्दै भन्दै थिइन् -

"ईश्वरले यिनीहरूलाई दण्ड दिनेछन्, यदि चाहन्छन् भने हटाउन् फीता भैगो बाबुहो, हामी नै सहिदिउँ...।"

यस सोरगुलबीच कसैको चर्को स्वर सुनियो -

"हामी माग गर्छौं, हामीले आफ्नो त्यस साथीलाई चिहानसम्म बिदा गर्ने अधिकार पाउनुपर्छ जसलाई तिमीहरूले सताई सताई मारेका छौ...।"

कसैले चर्को सुरिलो स्वरमा गाएको सुनियो -

"बलिदान तिम्रो उच्च महान........"

"फीता हटाउ। याकभलेभ काटिदेउ फीता।"

कसैले तरवार निकालेको आवाज सुनियो। आमाले आँखा बन्द गरिन्। उनी सोच्दै थिइन् अब मान्छेहरूले हल्ला गर्न थाल्नेछन्, तर उनीहरू जिस्क्याइएका ब्वाँसोहरू जस्तो रीसले चुरमुरिदै बडबडाइ मात्र रहेका थिए। उनीहरू चुपचाप टाउको झुकाएर अगाडि बढ्न थाले। उनीहरूको खुट्टाको आवाज वातावरणमा गुञ्जिन थाल्यो।

मान्छेहरूको टाउकोमाथि कफनको बिर्को हल्लँदै थियो र त्यसमा सिंगारिएको कच्याककुचुक परिसकेको फूलको माला हावामा लहराउँदै थियो, भीडको छेउछेउमा घोडचढी सिपाहीहरू बडो शानले जाँदै थिए। आमा पेटीपेटी भएर जाँदै थिइन्, त्यसैले त्यो भीडमा उनी शवपेटिका देख्न सक्दैनथिन्। हेदहिँदै भीड बढ्न थाल्यो र छिट्टै पूरा सडक मान्छेको भीडले खचाखच भरियो। घोडचढी पुलिसहरूका खैरा आकृतिहरू पछि पर्दै थिए र जुलुसको दुवैतिर पुलिसहरू तरवारको बिंडमा हात राखेर अगाडि बढ्दै थिए। आमा जतातत्तै जासुसहरूका चिरपरिचित आँखाहरू देख्दै थिइन्, उनीहरू बडो ध्यानपूर्वक मान्छेहरूका अनुहारहरूमा हेर्दै थिए।

दुईजना मानिसहरूले शोकपूर्ण मीठो आवाजमा गाउन सुरु गरे :

"बिदा, साथी, बिदा...."

"गाउने जरुरत छैन।"- कसैको चर्को स्वर सुनियो - "महानुभाव हो, हाम्रै जुलुस चुपचाप अगाडि बढ्नेछ।"

यो आवाज निकै कडा र रोबिलो थियो। शोकपूर्ण गीत बन्द भयो, मान्छेहरू सानो स्वरमा कुरा गर्दै थिए, सडकका ढुंगाहरूमा मानिसहरूका निर्जीव कदमहरूको एकनासे आवाज मात्र सुनिन्थ्यो। त्यो आवाज भीडबाट माथि उड्दै निर्मल आकाशमा गुञ्जिन्थ्यो मानौं टाढाबाट आउन थालेको आँधीबेरीको पहिलो गर्जनले वातावरण काँप्दै छ। झनझन चर्किन थालेको हावाले शहरका कुडा करकट र धुलो उडाएर बडो निष्ठुरतापूर्वक त्यस भीडमाथि वर्षाउँदै थियो। हावाको झोक्काले उनीहरूको कपाल र लुगाहरू फरफराउँदै थिए, आँखा खोल्नसम्म मुश्किल थियो, हावाका झोक्काहरूले उनीहरूको छाती र खुट्टाहरूमा हिर्काउँदै थिए...।

त्यो अन्त्येष्टि जुलुस जसमा न त पादरी नै थिए, न त शोकपूर्ण मर्मस्पर्शी गीत नै, ती विचारमग्न अनुहारहरू, ती खुम्चिएका आँखीभौंहरूले ती सब कुराले आमाको हृदय भयभीत तुल्याउँदै थिए। उनको दिमागमा फेरिफेरि एउटै विचार घुमिरहेको थियो र तिनै उदास शब्दहरू गुञ्जिरहेका थिए -

'सच्चाइको लागि संघर्ष गर्ने तिमीहरूको संख्या असाध्यै थोरै छ...।'

उनी टाउको निहुराएर हिंड्दै थिइन् र उनलाई यस्तो लाग्दै थियो, मानौं उनी एगोरको अन्त्येष्टि गर्न होइन, अरू नै कुरा, कुनै अति अभ्यस्त, अति प्यारो र अति आवश्यक कुरासँग सधैंको लागि बिदा हुन गैरहेकी छिन्। आमा एक गहन खिन्नता अनुभव गर्दै थिइन्। एगोरको अन्त्येष्टि क्रिया गर्न गइरहेका यी व्यक्तिहरूप्रति उनको ह्रदयमा एक मौन विरोधको भावना उर्लँदै थियो।

"एगोर ईश्वरमाथि विश्वास गर्दैनथे।'- उनी सोच्दै थिइन्। फेरि यिनीहरू पनि त ईश्वरमाथि विश्वास गर्दैनन् नि...।"

उनी यसबारे अरू बढी सोच्न चाहँदैनथिन्, त्यसैले सुस्केरा हाल्दै यो गन्हौं बोझ आफ्नो ह्रदयबाट उतार्ने कोशिश गरिन्।

'हे भगवान्। हे ईसा मसीह। के यस्तो हुन सक्छ मलाई पनि एगोरलाई जस्तै...।'

उनीहरू मसानमा आइपुगे र एकछिनसम्म चिहानहरूबीचका साँघुरा बाटोहरूबाट हुँदै एक खुल्ला ठाउँमा पुगे, जहाँ चारैतिर होचाहोचा क्रसहरू ठड्याइएका थिए। भीड चुपचाप चिहान अगाडि जम्मा भयो। चिहानहरूबीच उभिएका ती जीवित मानिसहरूको गम्भीर मौनता कुनै भयंकर घटनाको चेतावनी जस्तो लाग्थ्यो र त्यस घटनाको प्रतीक्षामा आमाको ह्रदय नै थामिए जस्तो भयो। क्रसहरूबीच हावा सुसेल्दै, गर्जँदै दौडिरहेको थियो र कफनको बिर्कोमा किचमिच परेका फूलका मालाहरूसँग लडिबुडि खेल्दै थियो...।

पुलिसहरू आफ्नो अफिसरतिर हेर्दै टक्क उभिएका थिए। फीका अनुहार, बाक्ला आँखीभौं र लामो कपाल भएको एक नवयुवक चिहानको छेउमा गएर उभियो।

"महानुभावहो...।"- पुलिस अफिसरले धोत्रे स्वरमा चिल्लाउँदै भन्यो।

"साथीहरू।"- युवकले चर्को सुरिलो स्वरमा भन्न सुरु गऱ्यो।

"पर्खनोस्।"- अफिसरले चिल्लाउँदै भन्यो - "यहाँ भाषण गर्न पाइन्न...।"

"म दुई चार शब्द मात्र बोल्न चाहन्छु।"- युवकले शान्त स्वरमा जवाफ दियो। "साथीहरू, आउनोस् हामी आफ्ना कामरेड र गुरुको चिहान अगाडि किरिया खाऔं, उहाँले हामीलाई जे जति पनि कुरा सिकाउनु भएको थियो, हामी ती सबै कुरा कहिल्यै बिर्सनेछैनौं र हामीमध्ये हरेकले जिन्दगीभर त्यस शक्तिको लागि चिहान खन्दै जानेछ जुन हाम्रो मातृभूमिका सारा कठिनाइहरूको मुख्य श्रोत हो- त्यही पापी शक्ति जसले हाम्रो शोषण गर्दै छ- त्यही निरंकुश जारशाही शासन।"

"गिरफ्तार गर यसलाई।"- पुलिस अफिसर चिल्लायो, तर उसको आवाज अरू थुप्रै आवाजहरूबीच बिलायो :

"जारशाही मूर्दावाद।"

भीडलाई धकेल्दै पुलिसहरू त्यस वक्तातर्फ बढे, तर चारैतिरबाट साथीहरूले घेरिएको त्यो युवक अझै पनि हात हल्लाउँदै चिच्याइरहेको थियो -

"स्वतन्त्रता जिन्दावाद।"

त्यस धक्काधक्कीमा परेर आमा एकातिर हुत्तिइन्। उनी भयभीत हुँदै एउटा क्रसको सहारा लिएर उभिइन्। उनले आफ्ना आँखा बन्द गरिन्, उनी सोच्दै थिइन् कुनै पनि वेला उनीमाथि प्रहार पर्न सक्नेछ। कोलाहल कति चर्को थियो भने उनलाई आफ्ना कान फुट्ला जस्तो लाग्दै थियो, खुट्टामुनिको जमिन भासिए जस्तो लाग्यो, चर्को हावा र त्रासले गर्दा उनलाई सास फेर्नसम्म मुश्किल पर्दै थियो। पुलिसहरूको सिटीको आवाजले खतराको संकेत दिंदै थियो, पुलिस अफिसर कर्कस स्वरमा अर्डर गर्दै थिए, आइमाईहरू आतंकित हुँदै चिल्लाइरहेका थिए, काठको बार चरमराउँदै थियो, सुक्खा जमिनमा गन्हौं बुटले टेकेको आवाज सुनिँदै थियो। यी सब कुरा कति लम्बिँदै थियो भने आमा आँखा बन्द गरेर त्यहाँ उभिइरहने यातना अरू बढी खप्न असमर्थ भइन्।

आमाले आँखा खोलेर हेरिन् र हात फैलाउँदै एक चिच्याहटसहित अघिल्तिर दौडिन्। केही पर चिहानहरूबीचको एउटा साँघुरो बाटोमा पुलिसहरूले त्यस युवकलाई घेरेर उभिएका थिए र उसलाई छुटाउन अघि बढेको मान्छेहरूलाई पछाडि धकेल्दै थिए। नाङ्गा तरबारहरू बडो क्रुरतासाथ चम्किदै थिए, कहिले भीडभित्र घुस्थे। नरकट र बार लागेका काठहरू हतियारको रूपमा प्रयोग गरिदै थिए। मान्छेहरू चिच्याउँदै कराउँदै पागल जस्ता यताउता दौडदै थिए, यी सब दौडधूपबीच युवकको फुस्रो अनुहार देखापऱ्यो र भीडको यस क्रुद्ध फुँकारलाई चिर्दै वातावरणमा युवकको दृढ स्वर गुञ्जियो :

"साथीहरू, बेकारमा आफ्नो शक्ति नगुमाउनोस्।"

मान्छेहरूमाथि युवकका यी शब्दहरूको प्रभाव पऱ्यो। उनीहरू आफ्ना अगाडि बढ्दै थिइन्। उनले देखिन्, निकोलाइ उत्तेजित भीडलाई पछाडि धकेल्दै थियो। उसको टोपी पछाडितिर ढल्केको थियो र चिच्याउँदै थियो -

"पागल हुनुभो तपाईंहरू ? शान्त हुनोस्...।"

आमालाई लाग्यो, उसको एउटा हातमा रगतको दाग लागेको छ।

"निकोलाइ इभानोभिच। हिंड्नोस् यहाँबाट।"- आमाले उसतिर हुत्तिदै भनिन् - तपाईं कता ? त्यहाँ तपाईंलाई हिर्काउनेछन्....।"

कसैले आमाको काँध समायो, उनले फर्केर हेरिन्। उनको अगाडि विना टोपी कपाल जिङ्रिङ्ग परेकी सोफिया उभिएकी थिइन्। उनले एकजना युवकको हात समाएकी थिइन्। त्यो युवक अझ केटै थियो, उसको मुखभरि घाउ थियो र ऊ हातले रगत पुछ्दै थियो।

"मलाई छोडिदिनोस्....मलाई केही भएको छैन...।"- ऊ काँप्दै बडाबडाइरहेको थियो।

"लौ यो केटालाई समाउनोस्, उसलाई हाम्रो घर पुऱ्याइदिनोस्। यो रुमाल लिनोस् र उसलाई पट्टी बाँधिदिनोस्...।"- सोफियाले छिटोछिटो भनिन् र केटोको हात आमाको हातमा राखेर त्यहाँबाट दौडिन् - "छिटो जानोस्, नत्र पकडिन हुनेछ..।"- उनले पछिल्तिर फर्केर आमालाई चिच्याउँदै भनिन्।

मसानमा जम्मा भएको त्यो भीड यताउता छरियो, पुलिसहरू आफ्नो गन्हौं बुट बजार्दै चिहानहरूबीचबाट दौडदै थिए, उनीहरूका ओभरकोटहरू लत्रिन्थे, खुट्टा अल्भिन्थे र उनीहरू आफ्ना तरवारहरू चम्काउँदै गाली गर्थे। केटो उनीहरूतिर खाउँला जस्तो गरेर हेर्दै थियो।

"छिटो गर, हिंडौं।"- आमाले रुमालले उसको मुख पुछिदिंदै भनिन्।

"तपाईं मेरो धन्दा नलिनोस्- मलाई दुखेको छैन।"- उसले रगत थुक्दै भन्यो - "उसले मलाई तरवारको बिंडले हिर्कायो, मैले पनि उसलाई हुनसम्म मजा चखाएँ। यति जोडले लौरोले हिर्काएँ कि ऊ भयंकर तरिकाले चिच्च्याएको थियो। पर्खलास्, म तिमीहरूलाई मजा चखाउनेछु।"- उसले रगतमा लटपटिएको आफ्नो मुठी हल्लाउँदै भन्यो - "यो त केही पनि होइन, अगाडि गएर हेरौंला। एकपल्ट हामी सब मजदूरहरू बिउँझि सकेपछि तिमीहरूलाई केही कुराले बचाउन सक्दैन।"

"छिटो हिंड।"- आमाले मसानको पर्खालमा भएको सानो ढोकातिर हतारिंदै भनिन्। उनलाई लाग्दै थियो पर्खाल बाहिर खुल्ला खेतमा पुलिस उनीहरूलाई पर्खेर बसेको छ र उनीहरू निस्कनासाथ झम्टिनेछन् र खुब कुट्नेछन्। तर पर्खालनेर पुगेर जब उनले बिस्तारै ढोका खोलेर बाहिर चियाइन्- वरिपरिको निस्तब्धता र निर्जनताले उनको साहस बढायो। वातावरण शरद् ऋतुको गोधुलिकालीन झिसमिसेले ढाकेको थियो।

"आऊ म तिमीलाई पट्टी बाँधिदिन्छु।"- आमाले भनिन्।

"भैहाल्यो पर्दैन, मलाई के लाज र यो घाउको।"- केटोले भन्यो - "उसले मलाई हिर्कायो, मैले पनि उसलाई हिर्काएँ, यसमा लाज मान्ने कुरा के छ र ?"

आमाले छिटोछिटो घाउमा पट्टी बाँधिदिइन्। केटोको मुखमा रगत देखेर उनको हृदय समवेदनाले भरियो र जब उनले अनुभव गरिन्, उसको घाउ कति तातो र गाढा छ, त्रासले पूरा शरीर काँप्यो। आमाले केटोको हात समातेर हतारहतार खेत पार गरिन्।

"कमरेड, तपाईं मलाई कता लैजाँदै हुनुहुन्छ ?"- केटोले आफ्नो मुखबाट पट्टी हटाउँदै बडो ढिपी कस्दै भन्यो - "म एक्लै जान सक्छु...।"

तर आमाले अनुभव गरिन्, केटोको शरीर काँप्दै छ, र खुट्टा लडखडाउँदै छन्। उसको स्वर कमजोर हुँदै गैरहेको थियो, तैपनि ऊ कुरा गर्दै थियो र उत्तरको प्रतिक्षा नगरिकन एकपछि अर्को प्रश्न सोध्दै गैरहेको थियो।

"म लोहार हुँ, तपाईं नि ? मेरो नाम इभान हो। एगोर इभानोभिचको अध्ययन मण्डलीमा हामी तीन जना थियौं, तीनै जना लोहारहरू... जम्मा गरेर एघार जना थियौं। हामी उहाँको असाध्यै आदर गर्थ्यौं। हुन त मलाई ईश्वरमाथि विश्वास छैन, तैपनि म प्रार्थना गर्छु, ईश्वरले उहाँको आत्मालाई शान्ति दिउन्....।"

एउटा सडकमा पुगेपछि आमाले भाडाको गाडा रोकिन् र इभानलाई गाडामा बसालि सकेपछि बिस्तारै उसको कानमा भनिन् -

"केही नबोल्नु।"- यति भनेर बडो होशियारीसाथ उसको मुखमा पट्टी बाँधिदिइन्।

उसले आफ्नो हात उठायो र मुखतिर लग्यो, फेरि बिस्तारै आफ्नो हात काखमा राख्यो, अब उसमा पट्टी फुकाल्ने शक्तिसम्म पनि थिएन। मुखमा पट्टी बाँधिए पनि ऊ बड्बडाउँदै थियो-

क्रमशः चौथो पृष्ठमा

# सावित्री र हाइब्रिड धानबालीमा सेतो पुतलीको समस्या

**काठमाडौं ।** नवलपरासीस्थित बर्दघाट सुस्तापूर्वका किसानलाई धानबालीमा सेतो पुतलीको प्रकोपले निराश बनाएको छ। धानबालीमा पुतली (भिँंगा)को समस्या बढ्न थालेपछि जिल्लाका किसान चिन्तित बनेका हुन् ।

नगरपालिकाका कृषि विकाश शाखा प्रमुख शिवनारायण कुमालले कावासोती नगरपालिका क्षेत्रको धान बालीमा पुतलीको समस्या बढ्दो क्रममा रहेको बताए। नगरपालिका वडा नं ७ देखि १७ सम्मका धान बालीमा दैनिक रूपमा बढिरहेको पुतलीको समस्याले सावित्री र हाइब्रिड जातका धानमा धेरै क्षति पुऱ्याएको प्रमुख कुमालले बताए ।

धान बालीमा सेतो पुतलीको समस्या देखिन थालेपछि नगरपालिकाले व्यवस्थापनका लागि अभियान नै चलाएको छ। धान खेतमा पुगेर किसानलाई प्रशिक्षण र व्यवस्थापन विधि सिकाइएको पनि शाखा प्रमुख कुमालले बताए। कृषि ज्ञान केन्द्रका प्रमुख गोपाल लामिछानेले कावासोती र गैंडाकोट नगरपालिकामा सेतो पुतलीका कारण धानको पात पहेँलिने समस्या जटिल रूपमा फैलिरहेको बताए ।

धानबालीमा पुतली र ढुसीको समस्या फैलिरहेको प्रमुख लामिछानेले बताए। हजारौंको संख्यामा रहने यस पुतलीको बच्चा र वयस्क दुवैले धानका कलिला पातको रस चुसेर बिरुवालाई कमजोर बनाउने तथा बच्चा अवस्थामा उत्पादन गर्ने गुलियो पदार्थमा कालो ढुसी विकास हुने गई पातको सतह छोप्दा प्रकाश संश्लेषण प्रकिया समेत अवरुद्ध हुन पुग्ने प्रमुख लामिछानेले बताए।

मुख्यतया गोलभेडा, काक्रो, भण्टालगायत तरकारी बालीमा लाग्ने सेतो पुतली समस्या पछिल्लो समय धानबालीमा लागेपछि उत्पादन घट्ने सक्ने उनको चिन्ता थियो ।

# लम्पी स्किनबाट लाखौं पशु संक्रमित, हजारौंको मृत्यु

***काठमाडौं ।*** *प्रतिनिधिसभाको बैठकबीच कृषि तथा पशुपक्षीमन्त्री डा बेदुराम भुसालले लम्पी स्किन रोगको संक्रमणबाट लाखौं पशु प्रभावित बनेको र हजारौंको संख्यामा मरेको जानकारी दिएका छन् ।*

*बैठकमा सांसदहरूले सोधेको प्रश्नको जवाफ दिँदै मन्त्री भुसालले हालसम्म १५ लाख १९ हजार ७ सय ७९ पशु संक्रमित भएको र ५२ हजार ५ सय ४८ पशुको मृत्यु भएको जानकारी दिएका हुन् ।*

*संक्रमण नियन्त्रणका लागि सरकारले उपचारमा सक्दो प्रयास गरिरहेको भन्दै उनले हालसम्म उपचारपछि १३ लाख ८३ हजार ५ सय ९५ पशु निको भएको र ७३ हजार ६ सय ३६ पशु अझै पनि बिरामी अवस्थामै रहेको मन्त्री भुसालले बताए । कृषि क्षेत्रको विकासका लागि यानिन्त्रकिकरण गर्ने सरकारको नीति रहेको पनि मन्त्री भुसालले बताए । यो नीति प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत ७७ वटै जिल्लामा सञ्चालित भएको उनको भनाइ थियो । 'माटो परीक्षण, रोग, कीरा परीक्षण, रोग निदानका साथै किसान, कृषि फार्म, कृषक समूह, सहकारीलाई प्राविधिक तालिम दिइएको छ' उनले भने ।*

*उनले सांसद दीलेन्द्रप्रसाद बडूको जिज्ञासामा जवाफ फर्काउँदै स्वदेशमै रासायनिक मल उत्पादन गर्ने सवालमा अध्ययन भइरहेको बताए । सांसद प्रेम सुवालले नेपालमा कृषि यान्त्रिकीकरण किन हुन नसकेको भन्दै बैठकमा प्रश्न गरेका थिए ।*


## सूर्यविनायक नगरपालिकाको अनुरोध

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार
**सूर्यविनायक नगरपालिका**
बागमती प्रदेश, भक्तपुर, नेपाल

## गोदावरी नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार
**गोदावरी नगरपालिका**
बागमती प्रदेश, ललितपुर, नेपाल

## Why to choose us?

No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors

## Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition



Govt. Regd.
No.: 34623/523
**Multichannel Institute**
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# ... आमा- १३

"भाइ हो, यो नठान्नू- म कहिल्यै तिमीहरूको यो मार बिर्सनेछु... जहाँ आउनु हुनुभन्दा अगाडि तीतोभिच नामक एक विद्यार्थी हामीलाई पढाउने गर्थ्यो... ऊ राजनैतिक अर्थशास्त्र पढाउँथ्यो... पछि समातियो....।"

आमाले इभानको हात आफ्नो गर्धनमा राखिन् र उसको टाउको आफ्नो छातीमा टाँसिन्। केटो बेहोस् भैसकेको थियो र चुप थियो। आमाले अत्तालिँदै चारैतिर हेरिन्। उनलाई डरलाग्दै थियो, कुनै कुनाबाट पुलिसहरू निस्कनेछन् र उनीहरूको नजीक आउनेछन्, अनि इभानको टाउकोमा पट्टी बाँधिएको देखेर उसलाई समातेर पिट्न थाल्नेछन्।

"रक्सी लागेछ ?"- गाडाबानले आफ्नो ठाउँमा बसीबसी पछाडि फर्केर हेऱ्यो र सहानुभूतिपूर्वक मुस्कुरायो।

"हो।" ज्यादै पिएछ।"- आमाले लामो सुस्केरा हाल्दै भनिन्।

"छोरा हो ?"

"हो। जुत्ता बनाउने काम गर्छ। म भान्सेनीको काम गर्छु ....।"

"बडो कठिन जिन्दगी छ तिम्रो पनि....।"

गाडाबानले कोर्रा हल्लाउँदै फेरि पछाडि फर्केर हेऱ्यो।

"सुन्यौ तिमीले, भर्खर मसानमा गजबको घम्साघम्सी भएछ नि।...एकजना राजनैतिक व्यक्तिलाई गाड्न गएका रहेछन्- त्यही के जो ठूलाबडा हाकिमहरूका विरोधी हुन्छन्... के हो झगडा छ भन्छन् यिनीहरूबीच। भन्छन्, उसको अन्त्येष्टिक्रिया गर्न आएका अरू सब मान्छे पनि ऊ जस्तै थिए, उसैका साथीहरू थिए। खुब नारा लाउन थालेछन्। 'सरकार मुर्दावाद। जनताका लूटेराहरूको नाश होस्।' पुलिसले पिट्न थालेछ। भन्छन् केही मानिसहरू त तरवारले काटिएका पनि छन् रे। तर पुलिसलाई पनि खुब गोदेछन्...।"- ऊ एकछिन चुप लाग्यो।

"मूर्दालाई पनि यसरी सताउँछन्।"- उसले दुःखित हुँदै टाउको हल्लायो र बडो अनौठो स्वरमा भन्यो - "यिनीहरूले मुर्दालाई पनि बिउँझाउन बेर लाउने छैनन्।"

सडकका पत्थरहरूमा गाडा खड्खडाउँदा इभानको टाउको आमाको छातीमा ठोकिन्थ्यो। गाडाबान पछिल्तिर आफ्नो टाउको घुमाउँदै बड्बडाइरहेको थियो -

"जनतामा हलचल मच्चिँदै छ- गडबडी बढ्दै छ। हिजो राती हाम्रो एकजना छिमेकीकहाँ राजनैतिक पुलिस आइपुगेको थियो। उनीहरू बिहानसम्म एकएक कुरा उल्टाइपल्टाइ खानतलासी लिँदै थिए र हिंड्दा एकजना लोहारलाई आफूसँग लिएर गए। मान्छेहरू भन्छन्, आधा रातमा उसलाई लगेर नदीमा डुबाइदिनेछन्। त्यो लोहार बडो भलाद्मी मान्छे थियो...।"

"के नाम थियो उसको ?"- आमाले सोधिन्।

"कसको ? त्यो लोहारको ? साभेली एभचेन्को हो। अझ कलिलै उमेरको छ तर धेरै कुरा जान्दछ। लाग्छ यहाँ मान्छेले जँन्न सुन्न थाल्नु नै उसको अपराध हो। ऊ हामीकहाँ आएर सोध्ने गर्थ्यो - 'तिमीहरू गाडाबानहरू कस्तो जिन्दगी बिताउँदै छौ हँ?' हाकी भन्थ्यौं - 'के जिन्दगी हुनु र, कुकुरको भन्दा पनि गएगुज्रेको छ।"

"लौ, यहीं रोक्नोस्।"- आमाले भनिन्।

एक्कासी गाडा थामिंदा इभानको आँखा खुले र ऊ पीडाले बिस्तारै चिच्यायो।

"कस्तरी लागेछ त केटोलाई।"- गाडाबानले भन्यो - "धत्तेरी, यो भोद्काले के मात्र गर्दैन...।"

इभान बडो कठिनाइपूर्वक भूईंमा टेक्दै चोकतिर लाग्यो। उसको पूरा शरीर लड्खडाउँदै थियो।

"ठीक छ, म आफैं जान्छु।"- ऊ भन्दै थियो।

१३.

सोफिया घर पुगिसकेकी थिइन्। दाँतले चुरोट च्याप्दै उनले आमालाई ढोका खोलिदिइन्। सोफिया निकै हडबडाएकी थिइन्।

घाइते केटोलाई कौचमा पल्टाएर उनले छिटोछिटो उसको टाउकोमा बेरिएको पट्टी खोलिदिइन्, र चुरोटको धुँवा परेकोले आँखा चिम्लँदै एकपछि अर्को आदेशहरू दिन थालिन्।

"इभान दानीलोभिच, उसलाई ल्याइपुऱ्याए। नीलोभ्ना, तपाईं थाक्नुभो ? डराउनु भो कि क्या हो ? लौ अब आराम गर्नोस्। निकोलाइ, नीलोभ्नालाई एक पेग रक्सी ल्याइदेउ त।"

आमाको ह्रदयबाट आजका घटनाहरूको बोझ हटिसकेको थिएन। उनलाई सास फेर्न मुश्किल परिरहेको थियो र छातीमा चर्को वेदना अनुभव गर्दै थिइन्।

"मेरो पीर नगर्नोस्।"- उनले अस्पष्ट स्वरमा भनिन्। तर उनको नसानसाले एउटै चित्कार गर्दै थियो- कसैले उनलाई सान्त्वना देओस्, माया गरोस्, र प्रेमपूर्वक उनका आवश्यकताहरूबारे सोधपूछ गरोस्।

अर्को कोठाबाट निकोलाइ आयो, उसको हातमा पट्टी बाँधिएको थियो। ऊ सँगसँगै डाक्टर इभान दानीलोभिच पनि भित्र पस्यो। उसको जिङ्ग्रिङ्ग परेको कपाल दुम्सीको काँढा जस्तो ठाडठाडो परेको थियो। ऊ सीधा इभानतिर लाग्यो र उसलाई जाँच्दै भन्न थाल्यो -

"पानी ल्याउनोस्, धेरै पानी, अलिकति कपास र सफा कपडा।"

आमा भान्सा-कोठातिर लागिन्। तर निकोलाइले उनको हात समाएर खाने कोठातिर लैजाँदै बडो प्रेमपूर्वक भन्यो -

"यो काम तपाईंको होइन, सोफियाले गर्नेछिन्। तपाईंलाई कति हैरानी सहनुपऱ्यो त आज।"

उसको सहानुभूतिपूर्ण तीखो दृष्टिको अगाडि आमा आफूलाई वशमा राख्न असमर्थ भइन्।

"कस्तो भयंकर दृश्य त।"- उनले सुँक्क सुँक्क गर्दै भनिन् - "कति निष्ठुरतापूर्वक मान्छेहरूलाई हिर्काउँदै थिए, तरवारले काट्दै थिए।"

"हो मैले सब देखें।- निकोलाइले आमालाई रक्सीको गिलास दिँदै भन्यो। दुवैतिरका मान्छेहरू पागल बनेका थिए। तर तपाई पीर नगर्नोस्। उनीहरू चौरसपट्टिबाट हान्दै थिए। लाग्छ, खालि एकजना मान्छे मात्र नराम्ररी घाइते पऱ्यो। मेरै आँखा अगाडि उसलाई हिर्काएका थिए र मैले उसलाई भीडबाट तानेर ल्याएँ...।"

निकोलाइको कुरा सुनेर आमा अलि शान्त भइन्। कोठाको न्यानो वातावरण र प्रकाशले उनको ह्रदय अब निकै शान्त भैसकेको थियो। उनले बडो कृतज्ञतापूर्वक निकोलाइलाई हेरिन्।

"तपाईंलाई पनि हिर्काए ?"- आमाले सोधिन्।

"होइन, आफ्नै दोष जस्तो लाग्छ, आफ्नै लापरवाहीले कता हो हात बज्रियो र अलि छाला उप्किएछ र लौ, अलिकति चिया पिउनोस् बाहिर चिसो छ तपाईंले चाहिं लुगा पनि राम्ररी लाउनुभएको छैन...।"

आमाले चियाको कप टिप्न हात अगाडि बढाइन् र देखिन् आफ्ना औंलामा लागेको रगत पनि सुकिसकेको छ। उनले भट्ट आफ्नो हात तानेर काखमा राखिन्, स्कर्ट पनि भिजेको थियो। उनका आँखीभौं तन्किए र आँखा फैलाउँदै आफ्ना औंलाहरूतिर हेरिरहिन्। उनको मुटु बेस्सरी काँप्दै थियो र टाउको घुम्दै थियो। आमाले मनमनै सोच्न थालिन् :

'पाभेललाई पनि यसरी नै हिर्काउन सक्छन्'

इभान दानीलोभिच कोठाभित्र पस्यो। उसले इस्टकोट लगाएको थियो र कमीजको बाहुला माथि सारेको थियो। उसले निकोलाइको मूक प्रश्नको जवाफमा ठूलठूलो स्वरले भन्न थाल्यो :

"मुखको घाउ त खास त्यति गहिरो छैन, तर खप्परको हाडचाहिं भाँचिएको छ त्यति साह्रो त होइन, फेरि केटो निकै मजबुत छ। हो, रगतचाहिं निकै निस्किसकेको छ। अस्पताल पठाउने होइन उसलाई ?"

"किन र ? यहीं बसोस्।"- निकोलाइले भन्यो।

"आज त ठीकै छ हुनसक्छ भोलि पनि सकुँला तर पर्सिदिखि चाहिं ऊ अस्पतालैमा भैदिए मलाई सजिलो पर्थ्यो। बिरामीहरूलाई घरघरमा गएर हेर्ने फुर्सद हुँदैन मलाई। आज मसानमा घटेको घटनाबारे एउटा लेख त लेख्छौ होला, होइन ?"

"लेखुँला।"- निकोलाइले जवाफ दियो।

आमा चुपचाप भान्सा-कोठातिर लागिन्।

"कता जान लाग्नुभयो, नीलोभ्ना ?"- निकोलाइले चिन्तित हुँदै सोध्यो - "पर्दैन जानु, सोफिया एक्लैले सब कुरा भ्याइहाल्छिन्।"

आमाले निकोलाइतिर हेरिन् र काँप्दै अनौठो तरीकाले हाँसिन्।

"जताततै रगतको दाग लागेछ...।"- उनले भनिन्।

आफ्नो कोठामा पुगेर लुगा फेर्दै उनले सोच्न थालिन्, कसरी यी मानिसहरू यति निश्चिन्त भएर यस्ता भयानक कुराहरू पनि हाँसीहाँसी सहन सक्दा रहेछन्। यस विचारले उनको उद्विग्नता शान्त भयो र ह्रदयबाट त्रास हट्यो। आमा घाइते केटो राखिएको कोठामा आइन्। सोफिया केटोको बिछ्यौनामा झुकेर उसँग कुरा गर्दै थिइन्।

"कमरेड, बेकारको कुरा नगर्नोस्।"- उनी भन्दै थिइन्।

"मैले गर्दा तपाईंहरूलाई दुःख हुन्छ।" उसले कमजोर स्वरमा जवाफ दियो।

"लौ अब कुरा नगर्नोस्, चुप लागे तपाईंलाई बढी फाइदा हुन्छ ...।"

आमा सोफियाको काँधमा हात राखेर उनको पछाडि उभिइन् र केटोको मलिन अनुहारतिर हेर्दै मुस्कुराइन्। उनले सोफियालाई बताइन् कसरी गाडामा बसेर ऊ प्रलाप गर्दै थियो र कस्ता खतरनाक कुराहरू बड्बडाउँदै थियो, उनलाई कस्तो डर लागेको थियो। इभानका आँखा पीडाले चम्किन थाले। उसले लज्जित हुँदै भन्यो -

"कस्तो बेवकुफ रहेछु त म।"

"लौ त अब हामी जान्छौं।"- सोफियाले उसको ओढ्ने ठीक पार्दै भनिन् - "अब तपाईं आराम गर्नोस्।"

उनीहरू बैठकमा गए र धेरै बेरसम्म आजका घटनाहरूबारे कुरा गरेर बसिरहे। उनीहरूले त्यस घटनालाई अतीतको रूपमा स्वीकार गरिसकेका थिए र दृढ विश्वास सहित भविष्यतिर हेर्दै थिए, भोलिपल्टको लागि योजनाहरू बनाउँदै थिए। उनीहरूका अनुहार थाकिएका देखिएता पनि विचारमा साहस थियो र कामको कुरा गर्दै आफूप्रतिको असन्तोष लुकाउने कोशिश गरिरहेका थिएनन्। डाक्टर अलि हडबडाउँदै आफ्नो मेचमा चलमलाउँदै थियो। आफ्नो चर्को तीखो स्वरलाई सकेसम्म नरम बनाउने कोशिश गर्दै उसले भन्यो -

"प्रचार, प्रसार ? प्रचार मात्र गरेर पुग्दैन र युवा मजदूरहरू ठीकै भन्दैछन्। हामीले आफ्नो आन्दोलन क्षेत्र विस्तृत तुल्याउनुपर्छ। म भन्छु, मजदूरहरू ठीक भन्दैछन्...।"

निकोलाइले आँखीभौं खुम्च्याउँदै डाक्टरको कुरामा सही थाप्दै भन्यो :

"जताततै एउटै गुनासो सुनिन्छ- पढ्नको लागि प्रशस्त सामग्री भेट्टाइन्न, तैपनि हामीले अहिलेसम्म एउटा गतिलो छापाखाना खोल्न सकेका छैनौं। लुद्मीला एकदम थाकिसकिन्, यदि मद्दत गर्ने मान्छेहरू नदिने हो भने उनी थला पर्छिन्....।"

"भेसोभशिकोभ नि ?"- सोफियाले सोधिन्।

"ऊ शहरमा बस्न सक्दैन। हामीले नयाँ छापाखाना सुरु गरेपछि मात्र उसले काम गर्न सक्छ तर जबसम्म हामीले अर्को एकजना मान्छे भेट्टाउने छैनौं, तबसम्म हामी यही काम पनि त सुरु गर्न सक्दैनौं...।"

"मैले गर्न नसकुँला ?"- आमाले बिस्तारै सोधिन्।

तीनै जनाले आमालाई हेरे र एकछिनसम्म केही बोलेनन्।

"राम्रो विचार हो।"- सोफियाले दङ पर्दै भनिन्।

"नीलोभ्ना, तपाईंलाई गाऱ्हो पर्छ यो काम गर्न।"- निकोलाइले रुखो स्वरमा भन्यो। "तपाईंले शहरबाहिर बस्नुपर्नेछ, पाभेलसँग भेटघाट गर्न पाउनु हुनेछैन र सब कुरा....।"

आमाले लामो सुस्केरा हाल्दै विरोध गरिन् :

"यसले पाभेललाई के हानि हुन्छ र, साँच्चै भन्नुहुन्छ भने उसँग भेटघाट गर्नु मेरो लागि पनि कठिनै परीक्षा ठहरिन जान्छ। उसँग कुराकानी गर्न दिंदैनन्, खालि उल्लू जस्तो त्यहाँ उभिएर हेरिरहेकी हुन्छु र त्यसमाथि पहरेदारहरू यसरी मुखमा हेरिरहेका हुन्छन्, कहीं म इशाराले केही कुरा गर्न उसलाई नभनिहालुँ...।"

पछिल्ला घटनाहरूले उनलाई असाध्यै थकाएका थिए। शहरको कोलाहलबाट टाढा रहन पाउने यो सम्भावना उनी आफ्नो हातबाट जान दिन चाहन्नथिन्।

तर निकोलाइले त्यो कुरा त्यहीं दबाइदियो।

"इभान के कुरा सोच्दैछौ हँ ?"- उसले डाक्टरलाई सम्बोधन गर्दै भन्यो।

डाक्टरले आफ्नो टाउको उठायो।

"म सोच्दै थिएँ हामी कति थोरै छौं।"- उसले उदास स्वरमा जवाफ दियो : "हामीले बढी मेहनत गर्नुपर्छ... हामीले पाभेल र आन्द्रेइलाई जेलबाट भाग्न मनाउनुपर्छ। उनीहरू दुवैजनाले धेरै काम गर्न सक्छन् र उनीहरूले जेलमा बेकार बसेर समय खेर फाल्नु हुन्न...।"

निकोलाइले आँखीभौं खुम्च्याउँदै टाउको हल्लायो र आमातिर हेऱ्यो। उनीहरू उनको अगाडि छोराबारे कुरा गर्न असजिलो मान्दै छन् भन्ने बुझेर आमा त्यस कोठाबाट निस्किन्। आमालाई बडो दुःख लाग्यो, उनीहरूले उनको इच्छा अस्वीकार गरिदिए। उनी आँखा खोलेर बिछ्यौनामा पल्टेकी थिइन् र उनीहरूले कानेखुसी गरेको आवाज सुन्दै थिइन्। उनको ह्रदय चिन्तित थियो।

त्यस दिनका अशुभ घटनाहरू बुझ्न उनी असमर्थ थिइन् तर ती घटनाहरूबारे उनी सोच्न पनि चाहँदैनथिन्। ह्रदयलाई आन्दोलित गर्ने ती सब स्मृतिहरूलाई टाढा हटाउन उनले पाभेलबारे सोच्न थालिन्। उनी चाहन्थिन्, ऊ जेलबाट निस्कोस्, तर साथसाथै उनलाई डर पनि लाग्दै थियो। उनलाई लाग्दै थियो, उनका चारैतिर घटिरहेका घटनाहरू कुनै चरमबिन्दुतिर, कुनै भीषण संघर्षतिर बढ्दै छन्। मान्छेहरूले अहिलेसम्म धैर्यपूर्वक सब कुरा सहँदै आएका थिए, तर अब भविष्यको आशंकाले उनीहरूको भावनालाई उत्तेजित तुल्याइदिएको थियो। उनीहरूको चिढाइ बढ्दै थियो। चारैतिर उनी नानाथरीका कुराहरू सुन्थिन् र सब कुरामा असन्तोष फैलिएको देखिन्थ्यो.... जब कुनै पर्चा निस्कन्थ्यो तब बजारमा, पसलहरूमा, नोकरहरू र कामदारहरूबीच त्यसबारे गरमागरम बहस हुन्थ्यो। जब शहरमा कुनै व्यक्ति गिरफ्तार हुन्थ्यो मान्छेहरू भयभीत र चिन्तित हुँदै त्यस घटनाबारे चर्चा गर्थे। कहिलेकाहीं अनजानमै उनीहरूको कुरामा सहानुभूतिको झलक देखा पर्थ्यो। अक्सर उनी सीधासादा मान्छेहरूले त्यस्ता शब्दहरू प्रयोग गरेको सुन्थिन् जुन शब्दहरू सुन्दा कुनै जमानामा उनी आफैंलाई डर लाग्ने गर्थ्यो- विद्रोह, समाजवाद, राजनीति आदि। यदि कुनै व्यक्तिले व्यंग्यपूर्वक यी शब्दहरू प्रयोग गर्थ्यो भने त्यस द्वेषपछाडि त्रासको भावना लुकेको हुन्थ्यो र यदि कोही हाकाहाकी यी शब्दहरू प्रयोग गर्थ्यो भने ती शब्दहरूको पछाडि आशा र चुनौतीको भावना हुन्थ्यो। गतिहीन जीवनको त्यस अन्धकारपूर्ण सागरमा बिस्तारै बिस्तारै असन्तोषको लहर फैलिंदै थियो जुन विचारहरू अझसम्म सुषुप्त अवस्थामा थिए। अब उनी बिउँझिन थाले र दिनभरि घटेका घटनाहरू चुपचाप सहने प्रवृत्ति खतम भैसकेको थियो। आमा यो कुरा अरूभन्दा बढी राम्ररी बुझ्थिन् किनभने जीवनको क्रूर चक्रसँग उनी अरूहरूको दाँजोमा बढी परिचित थिइन्। जीवनमा बढ्दो यस विवेकशीलता र असन्तोषलाई देखेर उनी खुशी पनि भइन् र भयभीत पनि- खुशी किन भने उनी यस कुरामा आफ्नो छोराका प्रयासहरूको फल भेट्टाउँथिन् र भयभीत कुन कारणले भने आमालाई थाहा थियो यदि पाभेल जेलबाट भागेर आउँछ भने ऊ फेरि यस संघर्षमा सबैभन्दा अगाडि गएर उभिनेछ, जहाँ सबैभन्दा बढी खतरा हुनेछ र त्यहाँ ऊ मारिनेछ।

कहिलेकाहीं छोराको आकृतिले कथाहरूको नायकको रूप लिन्थ्यो र ती सबै प्रेरणादायक शब्दहरू जुन उनले आफ्नो जीवनमा सुनेकी थिइन्, ती सबै व्यक्तिहरू जसबाट उनले आफ्नो जीवनमा सहारा पाएकी थिइन् र ती सब प्रकाशमय तथा वीरतापूर्ण कुराहरू जोसँग उनी परिचित थिइन्, उनको छोराको आकृतिमा सजीव हुन्थे। त्यसबेला उनको ह्रदय गर्व र ममताले भरिन्थ्यो र उनी चुपचाप भावविह्वल भएर यस आकृतिबारे सोच्न थाल्थिन्।

'सब कुरा ठीक हुनेछ।'

फेरि उनको मातृस्वभावले ह्रदयमा पैदा भएका मानवतावादी भावनाहरूलाई उछिन्थ्यो र ती भावनाहरूलाई यसरी नष्ट पार्थ्यो मानौं कुनै प्रचण्ड ज्वालामा भष्म हुँदैछन् र ती भावनाहरूको खरानीमा त्यही व्यथा मात्र बारम्बार दोहरिरहेको हुन्थ्यो :

'खतम हुनेछ। मर्नेछ...।'

भोलिपल्ट दिउँसो आमा जेलको अफिसमा पाभेलको अगाडि बसेर आफ्ना डबडबाएका आँखाले उसको अनुहारमा हेर्दै थिइन्। उसको दाह्री धेरै लामो भैसकेको थियो। उनी मौका खोज्दै थिइन्। कसरी पाभेललाई त्यो चीट दिने हो जुन उनले आफ्नो मुठीभित्र लुकाएर राखेकी थिइन्।

"मलाई ठीक छ सबै साथीहरू सञ्चै छन्।"- पाभेलले बिस्तारै भन्यो - "अनि तपाईंलाई कस्तो छ नि ?"

"ठीकै छ छोरा। एगोर इभानोभिचको स्वर्गबास भयो।"- आमाले यन्त्रवत भनिन्।

"हो र ?"- पाभेलले झस्किँदै भन्यो र चुपचाप आफ्नो टाउको झुकायो।

"उसको अन्त्येष्टि क्रियामा पुलिसले झगडा सुरु गऱ्यो र एकजना मान्छेलाई गिरफ्तार गऱ्यो।"- आमाले बडो सरलतासाथ भनिन्। सहायक जेलर जिब्रो चटकार्दै मेचबाट जुरुक्क उठ्यो र बडबडाउन थाल्यो -

"यहाँ यस्तो कुरा गर्नुहुन्न, यति त बुझिदिनुपर्छ तिमीहरूले। यहाँ राजनीतिको कुरा गर्नुहुन्न...।"

आमा पनि उभिइन्।

"म राजनीतिको होइन, एउटा झगडाको कुरा गर्दै थिएँ।"- आमाले पनि केही नबुझे जस्तो बडो सरलतासाथ भनिन् - "साँच्चै भयंकरको झगडा भएको थियो। एकजना मान्छेको खप्पर समेत फोडिदिए...।"

"केही फरक पर्दैन। मैले भनिहालें- यहाँ यस्तो कुरा गर्नुहुन्न। अर्थात् कुनै त्यस्तो कुरा गर्नुहुन्न जुन तपाईंहरूसँग व्यक्तिगत रूपमा सम्बन्धित नहोस्- भनाइको मतलब तपाईंहरू आफ्नो परिवार, आफ्नो घर र यस्तै विषयहरूमा मात्र कुरा गर्न सक्नुपर्छ।"

आफ्नो कुरामा आफैं अलमलिएको अनुभव गर्दै ऊ फेरि मेचमा बस्यो र कागजहरू ओल्टाउन पल्टाउन थाल्यो।

"यी सब कुराहरूको लागि मैले जवाफ दिनुपर्छ।"- उसले उत्ताएको स्वरमा भन्यो।

आमाले यताउता हेरिन् र झट्ट पाभेलको हातमा त्यो चीट राखिदिइन्, त्यसपछि मात्र सन्तोषको सास फेरिन्।

"थाहा छैन के कुरा गर्ने हो...।"- आमाले भनिन्।

"मलाई पनि थाहा छैन, के कुरा गर्ने हो ...।"- पाभेलले हाँस्दै भन्यो।

"त्यसो भए किन बेकारमा भेट गर्न आउनुहुन्छ।"- सहायक जेलरले झर्किँदै भन्यो- "के कुरा गर्ने हो थाहा छैन भने किन बेकारमा यहाँ आएर मान्छेहरूलाई दुःख मात्र दिनुहुन्छ...।"

एकछिन चुप लागिसकेपछि आमाले सोधिन्:

"मुद्दा कहिले सुरु गर्छन् नि ?"

"केही दिन अगाडि सरकारी वकिल आएका थिए, भन्दै थिए छिट्टै सुरु हुनेछ...।"

...क्रमशः

## तारकेश्वर नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**तारकेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

## नागार्जुन नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**नागार्जुन नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

## गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**गोकर्णेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

समावेशी एवं समतामूलक पहुँच विस्तार गर्दै गुणस्तरिय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) प्रदान गर्न हामी प्रतिवद्ध छौं । कार्यक्रमको दिगोपनका लागि LEARN-EARN-PAY को अवधारणा अगाल्दै TVET को विकास र विस्तार गर्ने कार्यमा प्रयत्नशील छौं ।





| पाठ्यक्रम | | | परिषद् अर्न्तगत सञ्चालित संस्थाहरू | | | | | भर्ना क्षमता | | वार्षिक छात्रवृति ८,०४६ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ प्रा. एसएलसी कार्यक्रम | १९९ लामो अवधिका कार्यक्रम | ४८ डिप्लोमा कार्यक्रम | ५९ आङ्गिक | २० साझेदारी | ५३४ TECS | ४२९ निजी | १,१३१ छोटो अवधिका | ३८,९७६ ३ वर्षे डिप्लोमा/ प्रमाणपत्र तहमा | ३५,८८७ १८ महिने प्राविधिक एसएलसी तहमा | ४५,००० छोटो अवधिको तालिम |




**CTEVT**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
COUNCIL FOR TECHNICAL EDUCATION & VOCATIONAL TRAINING

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानो ठिमी, भक्तपुर research@ctevt.org.np, www.ctevt.org.np

## सेवा प्रवाह...

छन् । सुनारपानीमा रहेको ठूलो सल्लाघारीमा राति बास बस्ने बाँदर बिहान उज्यालो हुनासाथ गाउँ छिर्ने गरेको स्थानीय डम्बरकुमारीले बताइन् ।

मकै पाकुन्जेल बारीमै रुँगेर जोगाए पनि घरमा भित्र्याएपछि पनि कसरी जोगाउने भन्ने चिन्ता स्थानीयलाई रहेको छ । आँखा झिम्क्याउन नपाउँदै बाँदर घरभित्रै पसेर अन्न सखाप पार्ने गरेको पनि स्थानीयले सुनाए ।

विगतमा बाँदरले स्थानीयमाथि आक्रमण गरी घाइते समेत बनाएको थियो । सुनारपानीमा मात्र होइन, विगतमा कहिल्यै बाँदर नलाग्ने जिल्लाका अन्य गाउँमा समेत पछिल्लो समय बाँदरको बिगबिगी बढेर स्थानीय किसानमा निकै हैरानी बढेको छ ।

# घोकन्तेको सट्टा व्यावहारिक शिक्षा

**काठमाडौं** । पछिल्लो समय तनहुँ जिल्लाको व्यास नगरपालिका-१० दुम्सीचौरस्थित भानु माध्यमिक विद्यालयमा विद्यालयमा 'सिक्दै र पढ्दै' अभियानअन्तर्गत पढाइका साथै सीपमूलक शिक्षा समेत दिन थालेको छ। हरेक दिन कक्षा सकिएपछि छात्रछात्रालाई विभिन्न किसिमका मनोरञ्नात्मक र सीपमूलक शिक्षा दिन सुरु गरिएको विद्यालयले बताएको हो ।

विद्यार्थीलाई अध्ययनका साथै गायन बाद्यबाजन, नृत्य, चित्रकला, हस्ताकला, वक्तृत्त्वकला, बाबियाँको डोरी बाट्नेलगायत कला सिकाउँदै आएको छ। विद्यालयले करिब एक हप्ता अघिदेखि पढाइका साथै सीपमूलक शिक्षा प्रदान गर्न थालेपछि अभिभावक समेत खुशी हुन थालेका विद्यालयका शिक्षक बुद्धिबहादुर बरालीले जानकारी दिए। घोकन्ते शिक्षाको तुलनामा व्यवहारिक शिक्षा प्रभावकारी बन्दै जाँदा विद्यालयका शिक्षक पनि उत्साहित भएर सिकाउन लागेको उनले बताए ।

शिक्षक बरालीले विद्यार्थीको चाहना अनुसार बाद्यबाजन सामग्रीको आवश्यकता पूरा गर्न सके राम्रो गर्न सकिने बताए। कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई आफ्नो रुचिको विषय र क्षेत्र छुट्याएर सिक्न लगाइएको विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर दरैले जानकारी दिए। आदिवासी जनजाति समुदायका बालबालिकाको बाहुल्य रहेको उक्त विद्यालयमा क्षेत्री-बाहुनको संख्या नगण्य मात्रामा रहेका र निःशुल्क पढाउने गरिएको छ। सैनिक विद्यालयमा अध्ययन गरेर आएका शिक्षक पुरन गुरुङसँग चौतर्फी सीप र ज्ञान भएकाले उनले विद्यार्थीलाई प्रशिक्षण दिँदै आएका छन् ।

स्थानीय भूपु विद्यार्थी, भूपु शिक्षक, स्थानीयवासी, स्थानीय तह सबैको साथ र सहयोग रहेमा यस विद्यालयलाई नमुना विद्यालयको रूपमा विकास गर्न सकिने सम्भावना देखिएको प्रअ दरैले बताए ।

# संक्रमणकालीन न्यायलाई छिट्टै निष्कर्षमा पुऱ्याउन प्रधानमन्त्रीको जोड

**काठमाडौं** । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सबै लागि लागिपर्नु पर्नेमा जोड दिएका छन् । सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई क्षतिपूर्ति प्रदान गरी उनीहरूलाई समाजमा पुनर्मिलन गराउन सरकार प्रतिबद्ध रहेको विश्वास दिलाउँदै उनले कुनै पनि बहानामा संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन विलम्ब गर्न नहुने बताएका हुन् ।

नयाँ संविधान आफैंमा शान्ति सम्झौताको उपज भएको उल्लेख गर्दै उनले संविधानमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनमा समाविष्ट मानवअधिकारका विषय समेटिएको बताए । प्रधानमन्त्री दाहालले संविधान लिपिबद्ध भएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार नेपालमा सञ्चालित द्वन्द्वको उपलब्धिका रूपमा रहेको पनि बताए ।

संविधानमा उल्लेख गरिएका नागरिक अधिकार जनआन्दोलन र जनयुद्धका कारण प्राप्त भएको उल्लेख गर्दै उनले शान्ति प्रक्रियाको मुख्य काम मानिएको माओवादीका पूर्वलडाकुको नेपाली सेनामा समायोजन र समाजमा पुनर्स्थापित भए पनि विगतमा भएका मानवअधिकार उल्लंघनको विषयलाई सम्बोधन गर्न बाँकी रहेको बताए ।

एड्भोकेसी फोरम र न्यायका लागि अन्तर्राष्ट्रिय आयोगले राजधानीमा आयोजना गरेको नेपालमा संक्रमणकालीन न्याय प्रक्रियासम्बन्धी कार्यक्रमलाई सम्बोधन प्रधानमन्त्री दाहालले गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई न्यायको कठघरामा ल्याइने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

शान्ति प्रक्रियालाई अन्तिम निष्कर्षमा पुऱ्याउनका लागि विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया स्थापना गरिने उल्लेख गर्दै उनले भने 'संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन विस्तृत शान्ति सम्झौताको अधिनमा रही नेपालको सर्वोच्च अदालतको निर्देशन र सान्दर्भिक अन्तर्राष्ट्रिय प्रतिबद्धता साथै पीडितका चासोलाई मुख्य रूपमा ध्यान दिइनेछ ।' प्रधानमन्त्रीले यसका लागि सरोकारवाल र पीडित पक्षसँग परामर्श गरिने समेत बताए । संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधनका लागि अघिल्लो संसदमा पेस गरिएको भए पनि पारित हुन नसकेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नयाँ संसद प्रारम्भ भएपछि आवश्यक संशोधनसहित पुनर्सदनमा दर्ता भएको बताए । संसदको समितिमा विचारधीन रहेको सो विधेयकमा सरोकारवालाले उठाएका विषयलाई समितिले सम्बोधन गर्ने बताए ।

कार्यक्रममा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले सदनमा विचाराधीन संक्रणकालीन न्यायसँग सम्बन्धित विधेयकमा भएका कमीकमजोरी सच्याउन सकिएमा शान्ति प्रक्रियाका बाँकी काम छिट्टै निष्कर्षमा पुग्ने बताए । 'हामी दिगो शान्तिको बाटोमा छौं, त्यसको आधार न्याय हो, न्यायलाई इन्कार गरे शान्ति सम्भव हुँदैन' उनको भनाइ थियो- 'कुनै पनि बहानामा संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन विलम्ब गर्न हुँदैन ।'

सदनमा दर्ता भएको विधेयकलाई सर्वस्वीकार्य बनाउनुपर्नेमा जोड दिँदै उनले संक्रणकालीन न्याय प्रक्रियालाई टुंगोमा पुऱ्याउन सबै पक्षले उदारता देखाउनुपर्ने बताए । उनले सशस्त्र द्वन्द्वपछि लडाकुको सेनामा समायोजन र समाजमा पुनर्स्थापना, नयाँ संविधान निर्माण भए पनि लामो समयसम्म न्यायनिरूपण हुन नसक्नु दुःखद भएको बताए ।

यस्तै नेपालका लागि संयुक्त राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगेर हम्देयीले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सरोकारवाला, पीडितलगायतको सहभागिता महत्त्वपूर्ण रहेको बताए । न्यायका लागि अन्तर्राष्ट्रिय आयोगका महासचिव सान्टिएगो ए क्यान्टोनले पीडितलाई केन्द्रमा राखी संक्रमणकालीन न्यायलाई पूर्णता दिइनुपर्ने बताए ।

द्वन्द्वपीडित समुदायका प्रतिनिधि सुमन अधिकारीले संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन प्रधानमन्त्रीलगायत राजनीतिक दलका नेताले विशेष ध्यान दिनुपर्ने सुझाव दिए । उनले संक्रमणकालीन न्यायलाई टुंग्याउन सरकार जिम्मेवार हुनुपर्ने र पीडितलाई न्याय सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।


## बालअधिकारप्रति संवेदनशील बनौं !

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चितता गरौं, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं ।

**बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## कागेश्वरी मनोहरा नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**कागेश्वरी मनोहरा नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं